# COVID-19 को सम्बन्धमा

अद्यावधिकहरूका लागि यो पृष्ठमा बारम्बार जानुहोस् र राज्यमा रहेका निकायहरूबाट नवीनतम जानकारी प्राप्त गर्नका लागि coronavirus.wa.gov मा जानुहोस् (स्पेनी, रसियाली, भियतनामी, चिनियाँ, जापानी, कोरियाली, पन्जाबी, सोमाली, युक्रेनियन)।

## UTC को भवन सर्वसाधारणका लागि बन्छ छ

UTC को भवन सर्वसाधारणका लागि थप सूचना नआउँदासम्म बन्द रहन्छ र UTC का कर्मचारीहरूले घरबाट काम गरिरहेका छन्।

धेरै सेवाहरू हाम्रो वेबसाइटमा उपलब्ध छन् र तपाईं सोमबारदेखि शुक्रबार बिहान 8 बजेदेखि दिउँसो 5 बजेसम्म मद्दतका लागि वा उपभोक्तासम्बन्धी उजुरी दायर गर्नका लागि फोन 1-888-333-WUTC (9882) मा फोन गर्न वा अनलाइनमा च्याट गर्न सक्नुहुन्छ। टेलिफोन अनुवादन सेवाहरू उपलब्ध छन्।

### Stay Home, Stay Healthy

मार्च 23 मा, गभर्नर Jay Inslee ले Stay at Home, Stay Healthy सम्बन्धी आदेश जारी गर्नुभयो र मे 1 मा उहाँले आदेशको अवधि विस्तार गर्नुभयो र पुनः आरम्भ गर्नका लागि चार चरणको Safe Start Washington प्रस्तुत गर्नुभयो। काउण्टीहरू व्यक्तिगत रूपमा चरणहरूमार्फत अगाडि बढिरहेका छन्, त्यसैले कम्पनीहरूलाई आफूले काम गर्ने काउण्टीहरूमा कस्तो मार्गदर्शन लागू हुन्छ भन्ने कुरा थाहा हुनु पर्छ।

- तपाईंको व्यवसायको स्थिति स्पष्ट पार्न वा तपाईंको व्यवसायका लागि अत्यावश्यक ठानिएको आवेदन दिन, कृपया यो फाराम पेश गर्नुहोस् (अङ्ग्रेजीमा मात्र)।

## उपयोग बिलसम्बन्धी सहायता

गभर्नर Inslee ले जुलाई 28 देखि सबै उर्जा, ल्याण्डलाइन टेलिफोन र पानी कम्पनीहरूलाई सेवा विच्छेद गर्न वा ढिलाई शुल्कहरू लगाउनबाट रोक लगाउने आदेश जारी गर्नुभयो।

- कम्पनीहरूसँग ग्राहकहरूलाई उपयोग बिलहरू तिर्नमा मद्दत गर्नका लागि वित्तीय व्यवस्था उपलब्ध छ।
- यदि तपाईंलाई आफ्नो उपयोग बिल तिर्ने कार्यमा मद्दत आवश्यक हुन्छ भने, तपाईंले आफ्नो कम्पनी वा आयोगलाई सोमबारदेखि शुक्रबार बिहान 8 बजेदेखि दिउँसो 5 बजेसम्म 1-888-333-WUTC (9882) 8 मा सम्पर्क गर्नु पर्छ वा कुनै पनि समय consumer@utc.wa.gov मा इमेल पठाउनु पर्छ।
- तपाईंले अझै पनि आदेशको मिति सकिएपछि आफ्ना बिलहरू तिर्नु पर्ने हुन्छ, त्यसैले तपाईं अहिले तिर्न सक्नुहुन्छ भने, तपाईंले तिर्नु पर्छ।

## नियमित कम्पनीहरू

यस समयावधिमा UTC नियमित उपयोग तथा यातायात कम्पनीहरूले आफ्ना नीति तथा अभ्यासहरू समायोजन गर्ने भएकाले हामी तिनीहरूसँग प्रत्यक्ष रूपमा काम गर्दै छौं।

## यातायात कम्पनीहरूका लागि जानकारी

### Pipeline and Hazardous Materials Safety Administration (PHMSA)

PHMSA ले सीमित कर्मचारी र अस्वाभाविक स्रोतहरूका हिसाबले अपरेटरको योग्यतामा परिवर्तनहरू (अङ्ग्रेजीमा मात्र) गर्न अस्थायी रूपमा अनुमति दिएको छ।

- औषधी परीक्षाका आवश्यकताहरूमा लचकता।
- घण्टाको हिसाबले सेवा तथा तालिमका विशिष्ट आवश्यकताहरू जस्ता अपरेटरको योग्यता र नियन्त्रण कक्षको व्यवस्थापनको निलम्बित प्रवर्तन।

### Federal Railroad Association (FRA)

- FRA ले कार्यस्थलमा अभाव भएमा, केही सुरक्षा आवश्यकताहरू को प्रवर्तन रोक्ने आकस्मिक छुट जारी गरेको छ (अङ्ग्रेजीमा मात्र)।
- UTC ले आफ्नो प्रत्यायुक्त प्रवर्तनसम्बन्धी अधिकार प्रयोग गर्दा यस छुटको पालना गर्ने छ।

### घरायसी सामानहरू स्थानान्तरण गर्ने व्यक्तिहरू

- घरायसी सामानहरू स्थानान्तरण गर्ने व्यक्तिहरूले कपडाका अनुहार छोप्नेहरू लगाउनु पर्छ।
- चरण एकमा रहेका काउण्टीहरूका लागि, स्थानान्तरण गर्ने व्यक्तिहरूले वास्तविक व्यक्तिगत कारोबार समापन गर्नमा वा असुरक्षित वातावरणबाट खतरामा रहेको व्यक्तिलाई निकाल्नमा सहायता गर्ने गतिविधिहरू मात्र गर्न सक्छन्।
- चरण दुईमा रहेका काउण्टीहरूका लागि, स्थानान्तरण गर्ने व्यक्तिहरूले Department of Labor & Industries को रोजगारदाताका सुरक्षा आवश्यकताहरू पूरा गर्न सक्ने भएमा सबै गतिविधि पुनः आरम्भ गर्न सक्छन्।

### Federal Motor Carrier Safety Administration (FMSCA)

- FMSCA ले चालकहरूले डेलिभरी पूरा गरेपछि बिदा प्राप्त गर्दासम्म आकस्मिक राहत (खाना, चिकित्सा उपकरण र व्यक्तिगत सुरक्षात्मक उपकरण) डेलिभरी गर्ने व्यावसायिक सवारी साधनहरूका लागि घण्टाको हिसाबमा दिइने सेवाका आवश्यकताहरूको अस्थायी छुटको अनुमति दिएको छ।
- FMSCA ले आफ्नो वेबसाइटमा यस घोषणाबारे बारम्बार सोधिने प्रश्नहरूको सूची सार्वजनिक गरेको छ (अङ्ग्रेजीमा मात्र)।
- FMCSA ले कोरोना भाइरस (COVID-19) सम्बन्धी जानकारी पृष्ठ सिर्जना गरेको छ (अङ्ग्रेजीमा मात्र)

### Department of Licensing (DOL)

- Department of Licensing ले अस्थायी रूपमा चालक इजाजतपत्रको म्याद समाप्त हुने मितिलाई 30 दिनसम्म विस्तार गरेको छ।
- FMSCA का निर्देशिकाहरूअनुसार, DOL ले मार्च 30 देखि सेप्टेम्बर 30 सम्ममा म्याद समाप्त हुने व्यावसायिक चालक इजाजतपत्र (CDL) र व्यावसायिक चालक अनुमतिपत्र (CDP) को म्याद समाप्त हुने मितिलाई विस्तार गरेको छ।
- व्यावसायिक चालकहरूले आफ्नो इजाजतपत्र वा अनुमतिपत्रको म्याद समाप्त हुने मिति मार्च 30 मा वा यसपछि रहेको देखाउने म्याद समाप्त भएको चिकित्सा प्रमाणपत्रको एक प्रति लिएर हिँड्नु पर्छ।

## खुला बैठक, सुनवाई तथा कार्यशालाहरू

हामी सबै खुला बैठक, सुनवाई तथा कार्यशालाहरूलाई फोन वा अनलाइनमार्फत सञ्चालन गरिरहेका छौं। यदि तपाईं आयोगको कार्यक्रममा सहभागी हुने योजना बनाउँदै हुनुहुन्छ भने, तपाईं विवरणहरूका लागि पात्रो जाँच्नुहुन्छ भनी सुनिश्चित गर्नुहोस्।

## स्रोतहरू

- वाशिङ्गटन राज्यको आधिकारिक COVID-19 साइट (स्पेनी, रसियाली, भियतनामी, चिनियाँ, जापानी, कोरियाली, पन्जाबी, सोमाली, युक्रेनियन)।
- स्वास्थ्य विभागको नोवल कोरोना भाइरसको हङ्गामा (आउटब्रेक) 2019 को वेबसाइट (अमेरिकी सांकेतिक भाषा (ASL), चिनियाँ, जापानी, कोरियाली, पन्जाबी, रसियाली, सोमाली, स्पेनी, युक्रेनियन, भियतनामी)।
- तपाईंसँग वाशिङ्गटनमा के भइरहेको छ वा भाइरस कसरी फैलिन्छ भन्ने सम्बन्धी प्रश्नहरू छन् भने COVID-19 को हटलाइन 1-800-525-0127 मा फोन गर्नुहोस्। फोनका लाइनहरू हरेक दिन बिहान 6 बजेदेखि राती 10 बजेसम्म खुला रहन्छन्।
- अन्य राज्यहरूमा मार्गदर्शन उपयोग आयोगहरूले के कुरा जारी गरेका छन् भनी हेर्नका लागि, NARUC को राज्य प्रतिक्रिया ट्र्याकरमा जानुहोस् (अङ्ग्रेजीमा मात्र)।

## पहुँच

यो जानकारी भिन्न ढाँचामा चाहिन्छ? वाशिङ्गटन रिले सेवामार्फत Text Teletype (टेक्स्ट टेलिटाइप) (TTY) का लागि 1-800-833-6384 मा फोन गर्नुहोस् वा 711 डायल गर्नुहोस्।

UTC ले तपाईंलाई धेरै भाषाहरूमा मद्दत गर्न सक्छ। कृपया सोमबारदेखि शुक्रबार बिहान 8 बजेदेखि दिउँसो 5 बजेसम्म 1-888-333-9882 मा फोन गर्नुहोस् र दोभाषेका लागि अनुरोध गर्नुहोस्।